खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको
चामल खरिद सम्बन्धि बोलपत्र आह्वानको सूचना
प्रकाशित मितिः २०८३/०६/२७

यस कम्पनीलाई तपशिलमा उल्लेख भए अनुसारको परिमाण,किसिम र निर्धारित गुणस्तर बमोजिमको चामल खरिद गर्नु पर्ने भएकोले स्थायि लेखा नं. PAN/VAT इजाजत प्राप्त इच्छुक मिल,फर्म,कम्पनी वा संस्थाहरुबाट तपशिलका शर्तहरुकको अधिनमा रही रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र (Hardcopy Bidding) आव्हान गरिएको छ। कम्पनीले खरिद गर्ने चामलको किसिम, तौल, आकार, क्षमता, बुझाउनु पर्ने स्थान, परिमाण, धरौटी रकम, बोलपत्र दस्तुर, बोलपत्र खरिद गर्ने र खोल्ने मिति तपसिल बमोजिम रहेको छ।

क्र .सं.	चामल बुझाउने कार्यालय/स्थान	चामल को किसिम	कार्यालय अनुसारको परिमाण (क्वी.)	कुल परिमाण क्वी.	धरौटी रकम (रु.)	बोलपत्र दस्तुर (रु.)
१	प्रा.का. पोखरा	स्टिम जिरा मसिनो चामल	८४०	३२,७६०	६६,८०,०००।- (छैसठ्ठी लाख असी हजार मात्र)	२५,०००।- (पच्चिस हजार मात्र)
२	प्रा.का. थापाथली		४२००			
३	प्रा.का. भैरहवा		१०५०			
४	प्रा.का. विराटनगर		२१००			
५	प्रा.का. जनकपुर		१०५०			
६	प्रा.का. धनगढी		२१००			
७	प्रा.का. सुर्खेत		६३००			
८	मु.शा.का. लहान		२५२०			
९	मु.शा.का. तुलसीपुर		६३०			
१०	मु.शा.का. विर्तामोड		२५२०			
११	मु.शा.का. राजापुर		२७३०			
१२	मु.शा.का. नेपालगञ्ज		२५२०			
१३	शा.का. महेन्द्रनगर		६३०			
१४	शा.का. वीरगञ्ज		३५७०			

नोटः–

१. ईच्छुक बोलपत्रदाताले कम्पनीको प्रधान कार्यालय खरिद विभाग (खरिद एकाई) बाट र कम्पनीको वेभसाइट www.fmtc.org.np बाट समेत डाउनलोड गरी मिति २०८३/०७/१७ गते कार्यालय समयभित्र फिर्ता नहुने गरी बोलपत्र दस्तुर वापत रु. २५०००/-दाखिला गरी बोलपत्र कागजात खरिद गरि सक्नु पर्नेछ। मिति २०८३/०७/१७ कार्यालय समय पश्चात् बोलपत्र दस्तुर तिरी खरिद गरिएको बोलपत्र कागजात मान्य हुने छैन ।

२. बोलपत्रदाताले माथि उल्लेखित भए बमोजिमको बोलपत्र दस्तुर र बोलपत्र जमानत धरौटी रकम वापत रु. ६६,८०,०००/- यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४०००००१ मा KHADHYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा तोकिएको समय भित्रै जम्मा गरेको सक्कलै भौचर वा "क" बर्गको वाणिज्य

बैंकबाट **खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको** नाममा तोकिएको समय भित्रै जारी भएको वोलपत्र पेश गर्ने अन्तिम मितिले ५ महिना अर्थात १५० दिन अबधि भएको नियमानुसारको बैंक जमानी पत्र संलग्न गर्नुपर्नेछ।

३ बोलपत्रदाताले मिति २०८३/०७/१८ गते १२:०० बजे भित्र खरिद विभाग (खरिद एकाई) प्रधान कार्यालय काठमाडौंमा बोलपत्र दर्ता गरिसक्नु पर्नेछ र सोही दिन २:०० बजे प्रधान कार्यालय काठमाडौंमा नियमानुसार बोलपत्र खोलिनेछ ।

४. माथि उल्लेखित परिमाण माथि उल्लेखित कार्यालयमा सम्झौता भएको मितिले १८० (एक सय असी) दिन भित्र बुझाउनु पर्नेछ। कम्पनीको आवश्यकतालाई हेरी कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कम्पनीमा रहनेछ।

५. बोलपत्रदाताले बोलपत्र फारममा चामलको रकम कबुल गर्दा नियमानुसार लाग्ने कर, ढुवानी भाडा, लोड अनलोड आदि खर्च समावेश गरी सबै माथि उल्लेखित कार्यालयमा बुझाउन स्टिम जिरा चामलको कुल परिमाण ३२७६० क्वीन्टलको एकमुष्ठ रुपमा कबोलदर (प्रति क्वीन्टल रु.) उल्लेख गरि बोलपत्रको खाम बाहिर **"स्टिम जिरा चामल खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** भन्ने उल्लेख गरी तोकिएका सबै कागजात बोलपत्रसाथ संलग्न राखी खाम शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

६. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा उक्त कार्य हुनेछ। चामल खरिद/विक्री सम्वन्धि अन्य शर्तहरु बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ।

७. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको १५ दिन भित्र नियमानुसारको कार्य सम्पादन जमानत पेश गरी स्टिम जिरा मसिनो चामल खरीद/बिक्री सम्झौता गर्नु पर्नेछ।

८. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि १२० दिनको हुनेछ। बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

९. प्राप्त बोलपत्रहरुको सार्वजनिक खरिद ऐन २०६३(दोश्रो संशोधन) सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) बमोजिम मूल्याङ्कन गरि सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता छनौट गरिनेछ।

१०. बोलपत्रसाथ पेश गरिएका आवश्यक कागजात (फोटोकपी) को सक्कल प्रति यथाशिघ्र प्रधान कार्यालय, खरिद विभाग (खरिद एकाई) मा बुझाउनु पर्नेछ।